**आर्थिक बर्ष २०८१/०८२ को बजेटका सम्बन्धमा पेसागत महासङ्घ नेपालको धारणा**

**प्रेस बक्तव्य**

सरकारले सङ्घीय संसदमा पेश गरेको आर्थिक बर्ष २०८१/८२ को राजश्व र ब्ययको अनुमान बजेटका सन्द्रर्भमा यस महासङ्घको निम्न अनुसार धारणा रहेको यसै बिज्ञप्ति मार्फत सार्बजनिक गर्दछौ ।

१) संविधानले परिलक्षित गरे अनुरुप आर्थिकसामाजिक रुपान्तरणका कार्यक्रम मार्फत समाजवादी दिशामा अगाडि बढाउने नीतिका साथ बजेट आउन नसकेको ।

२) विगत देखिन अवलम्बन गरिएको नवउदारवादी पूंजीवादी अर्थनीतिलाई बजेटमा ब्रेक थ्रु गर्ने प्रतिबद्दता उल्लेख नभएको ।

३) आन्तरिक राजश्वले चालू खर्च समेत धान्न नसक्ने गरी संशोधित अनुमान भन्दा करिव १० प्रतिशत र गत बर्षको अनुमान भन्दा झण्डै २२ प्रतिशत बढिको बजेट यथार्थ परक नरहेकोले कार्यान्वयन तथा श्रोत व्यवस्थापन चुनौतीपूर्ण रहेको ।

४) गत वर्षकै हाराहारीमा मात्रै राजश्व परिचालन गर्ने प्रक्षेपण गरिएको, राजश्व प्रशासनमा सुधार गरेर अनौपचारिक अर्थतन्त्रलाई औपचारिकरण गर्ने र कराधार विस्तार गर्ने नीति अवलम्बन नगरिएको ।

५) हरेक २/२ वर्षमा राष्ट्र सेवक श्रमिक कर्मचारीहरुको तलब बृद्धि गर्ने र हरेक वर्ष महंगीको अनुपातमा महंगी भत्ता बृद्धि गर्नुपर्ने कानुनी व्यवस्था र उच्चस्तरीय तलब सुविधा निर्धारण समितिको शिफारिसलाई बजेटमा सम्बोधन नगरिएको ।

६) पेसागत महासङ्घ नेपालले विगतमा सरकार समक्ष पेस गरेको माग र विगत बजेट बक्तव्यमा उल्लेख गरिएको निम्न मागहरु अस्थायी, करार, ज्यालादारी शिक्षक कर्मचारीलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन बजेटमा रकम व्यवस्था नगरिएको ।

७) अस्थायी, करार, ज्यालादारीमा कार्यरत शिक्षक, कर्मचारीको पदलाई स्थायी दरबन्दी निर्धारण गरेर खुल्ला प्रतिस्पर्धा बाट पद पूर्ति गर्ने विगतको बजेट बक्तव्यलाई यसपटकको बजेट बक्तव्यमा उल्लेख नगरिएको ।

८) न्यून आय भएका जनता र श्रमिक कर्मचारीलाई रासन कार्डको व्यवस्था गरि ७५३ वटै स्थानीय तहमा सुपथ मुल्यका पसल स्थापना गरि उक्त पसलहरुबाट रासन कार्डका आधारमा विक्रि वितरण गर्ने विगतको बजेट बक्तव्यमा उल्लेख भएको विषयलाई यश पटक उल्लेख नगरिएको ।

९) जनउपयोगी सार्वजनिक संस्थानहरु -कृषि जन्य, खाध्य जन्य, औषधी जन्य, बीउ विजन जन्य, दुग्धजन्य, साझा यातायात जस्ता सार्वजनिक संस्थानहरुलाई सङ्घीयताको अवधारणा अनुरुप सङ्घ, प्रदेश र स्थानीय तहका सरकारहरुको लगानी, स्वामित्व र व्यवस्थापन हुने गरि पुनसंरचना गरेर ७५३

श्रम विभाग द.प्र.प.नं:९/०६५/०६६

(ट्रेड युनियन ऐन, २०४९ बमोजिम स्थापित ट्रेड युनियन महासङ्घ)

पेसागत महासङ्घ नेपाल

Confederation of Nepalese Professionals (CONEP)

*(Affiliated to WFTU)*

वटै स्थानीय तहमा सेवा पुऱ्याउने विगतको बजेट बक्तव्यमा उल्लेख भएको विषय यस पटक उल्लेख नगरिएको ।

१०) स्वतन्त्र, अधिकार सम्पन्न राष्ट्रिय श्रम आयोग गठन गर्ने विगत बजेटमा उल्लेख भएको विषय यस पटकको बजेट बक्तव्यमा उल्लेख नगरिएको ।

११) अनियमितता र भ्रष्टाचार नियन्त्रणमा प्रभावकारी कदम चाल्ने विषयमा ठोस कार्य योजना उल्लेख हुन नसकेको ।

१२) जनआन्दोलन कै रुपमा सञ्चालन भएको विगतको शिक्षक आन्दोलन र आन्दोलनकारी शिक्षकहरु सँग सरकारले गरेको संझौता अनुसार कार्यान्वयन गर्ने बारेमा तथा सरकारी विधालयमा कार्यरत इसिडि शिक्षक र कर्मचारीलाई सरकारले निर्धारण गरेको तलबमान, सेवा, सुविधा निर्धारण गर्ने, विधालय शिक्षा ऐन, स्वास्थ्य सेवा ऐन तत्काल जारी गर्ने बारेमा बजेटमा उल्लेख नगरिएको ।

१३) सातवटै प्रदेशमा श्रमिक अस्पताल स्थापना गर्ने बारेमा बजेटमा उल्लेख नभएको ।

१४) विधुत उत्पादनको बृद्धि सँगै विद्युतीय सवारीसाधनको प्रयोगमा प्रोत्साहन गरेर पेट्रोलियम पदार्थको आयात न्यून गरि व्यापार घाटा घटाउदै जानुपर्नेमा विधुतिय सवारी साधनमा भन्सार शुल्क बृद्धि गरिएको ।

१५) गरिबी, बेरोजगारी न्यून गर्ने, कृषि उत्पादन बृदि गर्ने र व्यापक रोजगारी बृद्धि गर्ने, औधोगिकरणको थालनी गर्ने, झण्डै १५ लाख हेक्टर खेतीयोग्य जमिनमा उत्पादन बृद्धि गर्ने र रोजगारी बृद्धि गर्ने गरि राष्ट्रिय कार्यक्रम र अभियान सञ्चालनका बारेमा ठोस कार्य योजना बजेटमा उल्लेख नभएको ।

१६) उत्पादन मुलक पूजिगत खर्चमा अत्यान्तै न्यून रकम बिनपयोजन गरिएको र बिनियोजन भएको पूजिगत खर्च समेत बितरण मुखि रहेकोले आयोजना सम्पन्न गरि प्रतिफल प्राप्त हुने अबस्था नदेखिएको ।

१७) सार्वजनिक खर्च पुनरावलोकन आयोगको प्रतिवेदन अनुरुप फजुल खर्च नियन्त्रण गर्ने बारेमा ठोस कार्यक्रम बजेटमा उल्लेख नभएको ।

मितिः २०८१।०२।२०

सृजन रेग्मी
महासचिव

Lainchaur, Kathmandu, Nepal, Phone: +977-1-4525525, 4527602, 4535574
Email: conepnepal@gmail.com, Web: www.conep.org.np